छोराछोरीलाई उपहारहरूभन्दा बुबाआमाको उपस्थिति बढी आवश्यक छ।

पाठकको प्रश्न

"एउटा आत्मामा नहिँडिरहेको विश्वासीले अरूहरू चुक्दा कसरी ठीकसँग व्यवहार गर्न सक्छ?"

आत्मामा नहिँडिरहेको विश्वासीले अरूहरू चुक्दा ठीकसँग व्यवहार गर्न सक्दैन। उसले मानवीय प्रेमले त्यसो गर्ला, तर ईश्वरीय प्रेमले होइन। सुधार गर्न त खोज्ला, तर गलाती ६:१ मा बताइएको आत्मामा रहेर होइन। उसले भनेको कुरा ठीकै होला, तर प्रेममा नभई घमण्डमा परेर बोलिरहेको हुन सक्छ; चुक्ने व्यक्तिको भलाइभन्दा अर्कै मनसायले उसलाई प्रेरित गरिरहेको हुन सक्छ। बरु उसले पहिले प्रभुसित आफ्नो हृदय मिलाउनुपर्छ। नत्र ऊ अर्काको आँखामा छेस्को देख्ने, तर आफ्नै आँखाको मुढा नदेख्ने कपटीजस्तै हुन पुग्ला! (मत्ती ७:४) - प्रदेश श्रेष्ठ

कयिनले पत्नी कहाँबाट पाए?

धेरैले यो प्रश्न सोध्छन्, किनभने उनीहरूलाई लाग्छ कि यसरी बाइबलमा कुनै "गल्ती" भेट्टाएका छन्—अर्थात्, आदम र हव्वाबाहेक अरू मानिसहरू पनि हुनुपर्थ्यो। तर पवित्रशास्त्रले आदम नै "पहिलो मानिस" हुन् भनी पुष्टि गर्छ (१ कोरिन्थी १५:४५)। परमेश्वरले "मानिस एकलो रहनु असल होइन" भन्नुभएकाले हव्वा सृष्टि गरिएकी थिइन् (उत्पत्ति २:१८)। साथै, हव्वा नै "सबै जीवितहरूकी आमा" हुन् (उत्पत्ति ३:२०)। त्यसैले, यदि आदम र हव्वा मात्र सम्पूर्ण मानवजातिका आमाबुबा थिए भने, कयिन र हाबिलले आफ्नै बहिनीहरूसित विवाह गरेको हुनुपर्छ। पृथ्वीमा जनसङ्ख्या बढाउन पहिलो पुस्ताका दाजुभाइ र दिदीबहिनीहरूले एकअर्कासित विवाह गर्नुपरेको थियो।

त्यस समयमा नजिकका नातेदारहरूबीच विवाह गर्न निषेध गर्ने कुनै व्यवस्था थिएन। सुरुमा आनुवंशिक वंशपरम्परा शुद्ध भएकाले नजिकका नातेदारहरूबीच विवाह हुँदा समस्या थिएन। तर जनसङ्ख्या पर्याप्त बढ्दै गएपछि र पापको श्रापका कारण आनुवंशिक समस्याहरूको जोखिम बढ्दै गएपछि, परमेश्वरले नजिकका परिवारका सदस्यहरूबीच विवाह गर्न निषेध गर्नुभयो (हेर्नुहोस्, लेवी १८:६–१८)।

- *The Evidence Study Bible* by Ray Comfort

कठोर वचन नबोल्नुहोस्

आमाबुबाहरू, तपाईंहरू यस कुरामा निश्चित हुन सक्नुहुन्छ कि कठोर शब्द बोलेर एउटै फाइदा छैन। तपाईंको छोराले गिलास फुटायो भने, के उसलाई कठोर शब्दले गाली गर्दैमा फुटेको गिलास मर्मत हुन्छ? के यसले उसलाई भविष्यमा अझ होसियार बनाउँछ? के उसले तपाईंलाई अझ बढी प्रेम गर्छ? सुन्नुहोस्! ऊ गनगन गरिरहेको छ। के भन्छ त्यो केटो? "मलाई त यसमा खुसी लाग्छ; म जति नै फुटाऊँ, मलाई केही मतलब छैन।" ऊ आफ्नो मालिकसँग हिसाब बराबर गर्न यसरी बोलिरहेको हुन्छ। हामीलाई थाहा छ, उसको यस्तो व्यवहार अत्यन्तै गलत हो; तर यो मानव स्वभाव हो, र त्यसको उदाहरण तपाईंले नै उसलाई देखाउनुभएको छ।



लापरवाह केटा-लाई यसो भन्नुहोस्, "मलाई दुःख लाग्यो; तिमीले अबदेखि अझ बढी होसियार हुनुपर्छ।" त्यसपछि उसले के जवाफ देला? "झुक्किएर भएको हो। अबदेखि म अझ होसियार हुनेछु।" उसले सकभर फेरि कहिल्यै गिलास फुटाउनेछैन। अनि तपाईं रिसले चूर भएर ऊमाथि बदला लिने धम्की दिनुभएको भएभन्दा हजारौँ गुणा बढी उसले तपाईंको आदर र प्रेम गर्नेछ। यो कुरा सम्झनुहोस्, सानातिना कुरामा रिसाउने र आवेशमा आउनेहरू हो! -JFH

"ज्ञानले जान्न नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक"
एफेसी ३:१६

यो अभिव्यक्ति विरोधाभासजस्तो लाग्न सक्छ। तर ज्ञानभन्दा पर रहेको त्यस प्रेमलाई पनि हामी झन्-झन् बढी जान्दै जान सक्छौं। पावलले हामीलाई किनारै नभएको समुद्रमा यात्रा गरिरहेको कल्पना गर्न लगाउँछन्। हामी उहाँको प्रेमको अन्तिम सीमा कहिल्यै भेट्टाउन सक्दैनौं।

- विलियम केली



जीवनलाई उज्यालो पार्ने वचनहरू

- येशू ख्रीष्टले अनन्तता र मृत्युका विषयमा प्रकाश पार्नुहुन्छ। (यूहन्ना ८:१२ पढ्नुहोस्।)
- ज्योतिविना संसार मृत्युको एउटा चिसो डल्लो मात्र हुनेथियो।
- प्राकृतिक संसारका लागि सूर्यले जे गर्छ, आत्मिक संसारका लागि येशू ख्रीष्टले त्यही गर्नुहुन्छ।
- परमेश्वर कस्तो हुनुहुन्छ भन्ने विषयमा मानिस अन्धकारमा रहनु पर्दैन। **बाइबल पढ्नुहोस्!**

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310

प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ३५

"हामी जीवित परमेश्वरमाथि भरोसा गर्दछौं, जो सबै मानिसहरूको, विशेष गरी विश्वास गर्नेहरूको मुक्तिदाता हुनुहुन्छ।"

१ तिमोथी ४:१०

ख्रीष्ट सबैका निम्ति मर्नुभयो भने, के सबैले उद्धार पाउँदैनन् र?

येशू ख्रीष्टको बलिदानको महानतालाई आधार मानेर कतिपयले यस्तो तर्क गर्छन्, "यदि ख्रीष्ट सबैका निम्ति मर्नुभयो भने, सबैले उद्धार पाउनैपर्छ।" तर परमेश्वरको वचनले त्यसो भन्दैन। यसले सबैका निम्ति उद्धारको प्रबन्ध गरिएको छ भनी बताउँछ, तर सबैले उद्धार पाउँछन् भनी बताउँदैन। ख्रीष्टको मृत्युले उहाँमाथि विश्वास गर्ने जोसुकैका निम्ति उद्धार सम्भव बनाएको छ। तर ख्रीष्टलाई व्यक्तिगत रूपमा ग्रहण गर्ने र उहाँ आफ्नो सट्टामा मर्नुभयो भनी विश्वास गर्नेहरूले मात्र उद्धार पाउँछन्।

- Fellowship

जिब्रोका घाउहरू

पाइथागोरसले भन्ने गर्थे, "तरबारले लागेको घाउभन्दा जिब्रोले लगाएको घाउ बढी पीडादायी हुन्छ; किनकि तरबारको घाउले शरीरलाई मात्र असर गर्छ, तर जिब्रोको घाउले आत्मालाई—प्राणलाई नै असर गर्छ।" - JFH

"स्वस्थ जिब्रो जीवनको रूख हो; तर त्यसमा भएको टेढापनचाहिँ आत्मालाई तोड्ने कुरा हो।" (हितोपदेश १५:४)

म कसरी बुद्धिमान् बन्न सक्छु?

"आहा, तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु! दिनभरि मेरो ध्यान यसैमा रहिरहन्छ" (भजनसङ्ग्रह ११९:९७)।

हिब्रू भाषामा "व्यवस्था" (तोरा) भन्ने शब्द मार्ग देखाउनु वा निर्देशन दिनु भन्ने अर्थ लाग्ने क्रियासित सम्बन्धित छ। फराकिलो अर्थमा, व्यवस्थाले आधिकारिक शिक्षा वा निर्देशनलाई जनाउँछ। भजनकारको प्रार्थनाको आशय यस्तो हो: "तपाईंका शिक्षाहरू र निर्देशनहरूलाई म कति प्रेम गर्छु!" भजनकारले परमेश्वरको व्यवस्थालाई यति धेरै प्रेम गर्थे कि उनले भने, "दिनभरि मेरो ध्यान यसैमा रहिरहन्छ।"

यति धेरै वचनलाई मनन गर्ने भजनकार त्यसपछि भन्छन्, "आफ्ना आज्ञाहरूद्वारा तपाईंले मलाई मेरा शत्रुहरूभन्दा पनि बुद्धिमान् तुल्याउनुभएको छ। किनभने ती सधैं मसँगै छन्" (११९:९८)। परमेश्वरको इच्छा बुझ्ने र पालन गर्ने उद्देश्यले वचनमा ध्यान दिने बानीले भजनकारलाई बुद्धिमान् बनायो। भन्नुपर्दा, उनी आफ्ना शत्रुहरूभन्दा (११९:९८), आफ्ना गुरुहरूभन्दा (११९:९९) र बूढा प्रधानहरूभन्दा (११९:१००) पनि बढी बुद्धिमान् बने! तसर्थ, परमेश्वरको वचनमा मनन गर्नु र त्यसको आज्ञापालन गर्नुबाट नै व्यावहारिक बुद्धि र समझमा वृद्धि हुन्छ।

बुद्धि कस्तो हुन्छ? साँचो बुद्धिले हरेक झूटो मार्गलाई घृणा गर्छ। "तपाईंका आदेशहरूद्वारा म समझशक्ति पाउँछु; यसकारण म हरेक झूटो मार्गलाई घृणा गर्छु" (११९:१०४)। पापको निम्ति बहाना बनाउनु र झूटसित सम्झौता गर्नु बुद्धि होइन। भजनकारले यस खण्डको सुरुमा "म तपाईंको व्यवस्थालाई **प्रेम** गर्छु" भनेका छन् भने अन्त्यमा "म हरेक झूटो मार्गलाई **घृणा** गर्छु" भनेका छन्। तसर्थ, बुद्धिमान् बन्ने कुरा बौद्धिक क्षमताको होइन, हृदयको रोजाइको मामिला हो।

"हे मेरो छोरा, आफ्ना बुबाको शिक्षा ध्यानसित सुन र आफ्नी आमाको अर्ती [हिब्रूमा 'तोरा'] लाई नत्याग; किनकि ती तिम्रो शिरको लागि शोभाको गहना र तिम्रा गलाको लागि हारहरू बन्नेछन्" (हितोपदेश १:८–९)। बुद्धि र समझ प्राप्त गर्नु भनेको बहुमूल्य गहनाले जीवन सिँगारिनु हो। - प्रदेश श्रेष्ठ

कामबाट चम्कनुहोस्

बत्तीहरू बोल्दैनन्, तर तिनीहरू प्रकाश दिन्छन्। प्रकाशस्तम्भले न ढोल बजाउँछ, न घण्टी नै बजाउँछ; तैपनि, टाढा समुद्रमा यात्रा गरिरहेको नाविकले त्यसको मार्गदर्शक ज्योति देख्छ। त्यसरी नै, तपाईंका कामहरूबाट तपाईंको विश्वास चम्कियोस्। तपाईंको जीवनको मुख्य सन्देश तपाईंको सम्पूर्ण आचरणद्वारा प्रकट होस्।

- चार्ल्स स्पर्जन

© 2026 WORDOFTRUTH.COM.NP

परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

मण्डलीको उठाइलगिने दिनदेखि अनन्त भविष्यसम्मका सङ्घर्षहरू (क्रमश:)

दानियलको ७० औँ हप्ताका निम्ति शैतानका उद्देश्यहरू

परमेश्वरको पक्षमा हुने सबै साक्षीको विनाश। शैतानले तीव्र गतिविधि गरिरहेको भए तापनि परमेश्वरले सत्तरीऔँ सात वर्षको अवधिमा धेरै मानिसहरूलाई बचाउनुहुनेछ। यी मानिसहरूले संसारमा परमेश्वर र ख्रीष्टको पक्षमा सक्रिय रूपमा साक्षी दिनेछन्। शैतानको एउटा उद्देश्य आफ्नो शत्रुको विषयमा दिइने सबै साक्षीलाई पूर्ण रूपमा नष्ट गर्नु हुनेछ। यसकारण, उसले सत्यत्यागी मण्डली, ख्रीष्टविरोधी र भूटा अगमवक्ताहरूलाई परमेश्वरका सन्तहरूविरुद्ध युद्ध गर्न उक्साउनेछ (दानिएल ७:२५; प्रकाश १३:७, १५; १७:६)। धेरै विश्वासीहरू आफ्नो विश्वासको खातिर मारिनेछन् (प्रकाश २०:४), तर परमेश्वरको पक्षमा हुने साक्षी भने कहिल्यै समाप्त हुनेछैन।

इस्राएलको विनाश। इस्राएलको पश्चात्ताप परमेश्वरको ईश्वरशासित राज्य स्थापनाका लागि महत्त्वपूर्ण आधार हुने भएकाले शैतानले सत्तरीऔँ सात वर्षको अवधिमा इस्राएललाई नष्ट गर्ने प्रयास गरिरहनेछ। आफ्नो समय छोटिँदै गएको महसुस गरेर उसले त्यस राष्ट्रमाथि अत्यन्तै तीव्रताका साथ आक्रमण गर्नेछ (प्रकाश १२)। यहूदीहरूले आफ्नो मन्दिरमा शासकको मूर्ति स्थापना गरिएको कुराको विरोध गर्नेछन्। त्यसकारण ख्रीष्टविरोधीले तिनीहरूलाई इतिहासमा अहिलेसम्म भोगेको भन्दा पनि कठोर सतावट दिनेछ (मत्ती २४:१५–२०)। यहूदीविरोधी भावना (antisemitism) इतिहासकै सबैभन्दा खराब अवस्थामा पुग्नेछ। यर्मियाले यस अवधिलाई "याकूबको सङ्कष्टको समय" भनेका छन् (यर्मिया ३०:४–७)। सत्तरीऔँ सात वर्षको अन्त्यमा शैतानले संसारका सबै सेनाहरूलाई प्यालेस्टाइनमा जम्मा गर्नेछ (प्रकाश १६:१३–१४, १६)। यसले इस्राएलको अस्तित्व नै खतरामा पार्नेछ (जकरिया १४:१–२), तर परमेश्वरले कम्तीमा एउटा अवशेषलाई जोगाउनुहुनेछ (यर्मिया ३०:७)।

सेनाहरूको भेला। सत्तरीऔँ सात वर्षका लागि शैतानको अन्तिम उद्देश्य संसारका सबै सेनाहरूलाई प्यालेस्टाइनको हारमागेड्डोनमा एकसाथ जम्मा गर्नु हुनेछ। यो उद्देश्य पूरा गर्न ख्रीष्टविरोधी र भूटा अगमवक्ताले दुष्टात्माहरूको गतिविधिको सहारा लिनेछन् (प्रकाश १६:१२–१६)। सत्तरीऔँ सात वर्षको अन्त्य नजिकिँदै जाँदा ख्रीष्ट ईश्वरशासित राज्य स्थापना गर्न चाँडै प्यालेस्टाइनमा आउनुहुनेछ भन्ने कुरा शैतानले महसुस गर्नेछ। यसकारण, उद्धारकर्ताविरुद्ध युद्ध गर्न उसले संसारका सेनाहरूको सैन्य शक्ति जुटाउन चाहनेछ (भजनसंग्रह २:१–३; प्रकाश १९:१९)। ईश्वरशासित राज्य स्थापना हुन नदिन गरिने यो उसको अन्तिम हताश प्रयास हुनेछ।

सत्तरीऔँ सात वर्षका लागि परमेश्वरका उद्देश्यहरू

शैतानको राज्यविरुद्धको आफ्नो युद्धमा परमेश्वरका पनि सत्तरीऔँ सात वर्षका लागि चारवटा प्रमुख उद्देश्यहरू हुनेछन्। यी उद्देश्यहरूलाई छुट्टाछुट्टै शीर्षकअन्तर्गत विचार गरिनेछ।

धेरै मानिसहरूको उद्धार। सत्तरीऔँ सात वर्षको सुरुतिर परमेश्वरले १,४४,००० यहूदी पुरुषहरूलाई बचाउनुहुनेछ र तिनीहरूलाई सबै प्रकारका हानिबाट जोगाउन छाप लगाउनुहुनेछ। त्यसपछि, ख्रीष्ट फर्केर नआउञ्जेल तिनीहरूले संसारभरि सुसमाचार प्रचार गर्नेछन् (प्रकाश ७:२–८)। तिनीहरूको सुसमाचार प्रचारको परिणामस्वरूप हरेक भाषा, कुल, जाति र राष्ट्रका अन्यजातिहरूको एउटा ठूलो भीडले उद्धार पाउनेछ (प्रकाश ७:९–१७)। इस्राएल राष्ट्रका निम्ति परमेश्वरले दुई जना विशेष साक्षीहरू पठाउनुहुनेछ। तिनीहरूले पुरानो नियमका अगमवक्ताहरूले जस्तै पहिरन लगाउनेछन्, ठूला-ठूला चिन्हहरू देखाउनेछन् र आउन लागेको ईश्वरशासित राज्यको तयारीस्वरूप सुसमाचारसँगै पश्चात्तापको सन्देश प्रचार गर्नेछन् (प्रकाश ११:३–१३)। तिनीहरूको साक्षीद्वारा धेरै यहूदीहरूले उद्धार पाउनेछन् र तिनीहरू आफैँ पनि साक्षी बन्नेछन् (प्रकाश १२:१७)। यसरी, परमेश्वरले आफ्नो राज्यका सदस्यहरूको सङ्ख्या बढाउन सत्तरीऔँ सात वर्षको अवधिलाई प्रयोग गर्नुहुनेछ।

शैतानको राज्यको विनाश। मानिसको पतनदेखि सत्तरीऔँ सात वर्षको अवधिसम्म परमेश्वरले शैतानलाई आफ्नो राज्य उल्ट्याउन सम्भव भएसम्मका सबै उपायहरू अपनाउन दिँदै आउनुभएको छ। परमेश्वरले शैतानलाई आफ्नो उद्देश्य पूरा गर्नबाट रोक्दै आउनुभएको भए तापनि, उहाँले अझैसम्म त्यसको विरुद्धमा न्यायको फैसला कार्यान्वयन गर्न थाल्नुभएको छैन। यसरी, शैतानमाथि न्यायको फैसला सुनाउने र त्यसको राज्य नाश गर्ने समय अझै आएको छैन। तर ख्रीष्टविरोधी प्रकट भएपछि र शैतानले परमेश्वरको राज्य उल्ट्याउने आफ्नो अन्तिम प्रयास सुरु गरेपछि परमेश्वरले अन्ततः त्यसलाई र त्यसको राज्यलाई नाश गर्न कदम चाल्नुहुनेछ। यसरी, परमेश्वरको आफ्नै दिन सुरु हुनेछ र सत्तरीऔँ सात वर्षको अवधिबाट "प्रभुको दिन" भनिने कालखण्ड आरम्भ हुनेछ (२ थेसलोनिकी २:१–३)।

सत्तरीऔँ सात वर्षको अवधि ईश्वरीय न्यायले भरिएको हुनेछ, किनकि परमेश्वरले शैतानको राज्यअन्तर्गत पर्ने पृथ्वीका क्षेत्रहरूमाथि र त्यहाँका अधर्मी मानिसहरूमाथि आफ्नो क्रोध खन्याउनुहुनेछ (सपन्याह १:१४–१८)। सात वर्षको अवधिमा यी न्यायहरू क्रमशः अझ तीव्र हुँदै जानेछन्, जसले गर्दा पछिल्ला साढे तीन वर्षहरू अघिल्ला साढे तीन वर्षभन्दा निकै खराब हुनेछन्। यसैकारण, येशूले सत्तरीऔँ सात वर्षको पछिल्लो आधा अवधिलाई "महा सङ्कष्ट" को समय भनी वर्णन गर्नुभयो: "जस्तो सङ्कष्ट पृथ्वीको सुरुदेखि अहिलेसम्म भएको थिएन, न ता फेरि कहिल्यै हुनेछ। अनि ती दिनहरू नघटाइएका भए कुनै प्राणी बाँच्नेथिएन" (मत्ती २४:२१–२२)। नन्यायको एउटा लहरपछि अर्को लहर आउँदै जाँदा पृथ्वीको सतह विनाशले तहसनहस हुनेछ। सत्यत्यागी मण्डली, ख्रीष्टविरोधीको राज्यको राजधानी र संसारको जनसङ्ख्याको ठूलो हिस्सा नष्ट हुनेछन् (प्रकाश ६; ८–११; १६–१८)। फलस्वरूप, आफ्नो सृष्टिकर्ताको अस्तित्वलाई इन्कार गर्नुका भयानक परिणामहरू संसारले बुझ्नेछ।

सत्तरीऔँ सात वर्षको मध्यतिर परमेश्वरले शैतान आफैँमाथि न्यायको एउटा चरण कार्यान्वयन गर्न एक प्रधान स्वर्गदूतलाई निर्देशन दिनुहुनेछ। मिकाएल र उसको अधीनमा रहेका परमेश्वरका स्वर्गदूतहरूले स्वर्गमा शैतान र त्यसका स्वर्गदूतहरूविरुद्ध युद्ध गर्नेछन्, जुन तिनीहरूको बासस्थान हो (प्रकाश १२:७)। आत्मिक क्षेत्रमा भएको यस युद्धको परिणामस्वरूप शैतान र त्यसका स्वर्गदूतहरूलाई तिनीहरूको स्वर्गीय स्थानबाट निकालेर पृथ्वीमा खसालिनेछ र तिनीहरूले आंशिक पराजय भोग्नेछन् (प्रकाश १२:८–९)। यसरी, शैतान र त्यसको सम्पूर्ण राज्य ख्रीष्टसँग हुने अन्तिम युद्धको प्रतीक्षामा पृथ्वीमै सीमित हुनेछन्।

परमेश्वरले शैतान र त्यसको राज्यमाथि आफ्ना न्यायहरू खन्याउँदै जानुहुँदा उहाँले आफ्नो ईश्वरशासित राज्य स्थापना गर्ने योजना कार्यान्वयन गर्न थाल्नुभएको कुरा स्पष्ट हुँदै जानेछ। यसरी, त्यो आशिषित र आउन लागेको घटनाको उत्सुकतापूर्वक प्रतीक्षा गर्दै स्वर्गका परमेश्वरका सृष्टिहरू ठूलो आनन्दका साथ जयजयकार गर्नेछन्:

"यस संसारका राज्यहरूचाहिँ हाम्रा प्रभुका र उहाँका ख्रीष्टका राज्य भएका छन्; अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ" (प्रकाश ११:१५)।

"अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँको ख्रीष्टको अधिकार आएको छ; किनकि हाम्रा दाजुभाइहरूलाई दोष लगाउनेतल फ्याँकिएको छ, जसले दिनरात हाम्रा परमेश्वरको सामु उनीहरूलाई दोष लगाउँथ्यो" (प्रकाश १२:१०)।

सेनाहरूको भेला। सत्तरीऔँ सात वर्षको अन्त्यमा प्यालेस्टाइनमा संसारका सबै सेनाहरूलाई एकसाथ जम्मा गर्ने काममा शैतान मात्र संलग्न हुनेछैन। यसमा परमेश्वरको पनि हात हुनेछ (प्रकाश १६:१, १२; सपन्याह ३:८)। ती सेनाहरूलाई जम्मा गर्नुको उहाँको उद्देश्य अधर्मी मानिसहरूका यी सेनाहरूलाई नाश गर्नु हुनेछ (भजनसंग्रह २:४–१२)।

इस्राएलको पश्चात्ताप। सत्तरीऔँ सात वर्षका लागि परमेश्वरका सबैभन्दा महत्त्वपूर्ण उद्देश्यहरूमध्ये एउटा इस्राएल राष्ट्रलाई साँचो पश्चात्तापमा ल्याउनु हो। शताब्दीयौँदेखि इस्राएल विद्रोहको अवस्थामा रहँदै आएको छ र पश्चात्ताप गर्न इन्कार गर्दै आएको छ, जसले गर्दा ईश्वरशासित राज्य स्थापना हुन सकेको छैन। परिणामस्वरूप, अन्यजाति राष्ट्रहरूले पालैपालो यहूदीविरोधी भावना प्रकट गर्दा इस्राएलले सतावटको लहरमाथि लहर भोग्नुपरेको छ। अहिलेसम्म यहूदीहरूले सतावटको समयमा शरण र सहायता माग्न सक्ने अन्य राष्ट्रहरू थिए। तर अहिले, संसारभरि छरिएर रहेको लगभग २,००० वर्षपछि, तिनीहरू फेरि आफ्नो मातृभूमिमा एकीकृत राष्ट्रका रूपमा अस्तित्वमा आएका छन् (पवित्रशास्त्रले ख्रीष्टविरोधी प्रकट हुने समयसम्ममा कम्तीमा यस्तो अवस्था हुनेछ भनी सङ्केत गरेको थियो)।

जब ख्रीष्टविरोधीले यहूदीहरूलाई विगतमा कहिल्यै भोगेको भन्दा पनि कठोर सतावट दिनेछ, तब तिनीहरूले शरण वा सहायता माग्न सक्ने कुनै राष्ट्र हुनेछैन, किनकि संसारका सबै सेनाहरू तिनीहरूलाई सताउने शासकको अधीनमा हुनेछन्। सत्तरीऔँ सात वर्षको अन्त्यमा संसारका सेनाहरू तिनीहरूको मातृभूमिमा जम्मा हुँदा यहूदीहरू पूर्ण विनाशको खतरामा पर्नेछन्। परमेश्वरले यी भयानक शक्तिहरूलाई इस्राएललाई यस्तो सङ्कटपूर्ण अवस्थामा पुऱ्याउने साधनका रूपमा प्रयोग गर्नुहुनेछ, जहाँ त्यो राष्ट्र उहाँ र आफ्नो उद्धारकर्तातर्फ नफर्केसम्म छुटकाराको कुनै उपाय वा उम्कने बाटो रहनेछैन। यसरी, सत्तरीऔँ सात वर्षको अन्त्यमा इस्राएलले अन्ततः साँचो पश्चात्ताप गर्नेछ। उसले आफ्नो वास्तविक मसीह, येशू ख्रीष्टलाई देखेर शोक गर्नेछ र परमेश्वरसँग छुटकाराको निम्ति पुकारा गर्नेछ (जकरिया १२:१०–१४)। यस पश्चात्तापको प्रतिक्रियास्वरूप परमेश्वरले राष्ट्रलाई पापबाट शुद्ध पार्नुहुनेछ र ईश्वरशासित राज्य स्थापना गर्न ख्रीष्टलाई पठाउनुहुनेछ (जकरिया १३:१)।

साभार: *What on Earth is God Doing* by Renald Showers

(*क्रमश: आगामी अंकमा*)

राम्रो सल्लाह

आज तपाईंले प्रभुको सेवा गरिरहँदा यो महत्त्वपूर्ण कुरा नबिर्सनुहोस्: इनाम पाउन योग्य काम भनेको अन्त्यसम्म टिकिरहने काम हो। - Richard W. DeHaan